मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ८७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ २९ गते बिहीबार (Thursday, 12 February. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## हाई प्रोफाइललाई धम्क्याउने पाठक पक्राउ

**काठमाडौँ, माघ २८।** अख्तियार प्रमुख प्रेमकुमार राईसहितका हाई प्रोफाइललाई धम्की दिने प्रकाश पाठकलाई नेपाल ल्याइएको छ। अन्तर्राष्ट्रिय प्रहरी सङ्गठन (इन्टरपोल)को सहयोगमा उनलाई पक्राउ गरेर नेपाल ल्याइएको हो।

काभ्रे घर भएका पाठकलाई बुधबार नेपाल ल्याइएको काठमाडौँका एसएसपी रमेश थापाले जानकारी दिए। पाठकविरुद्ध इन्टरपोलबाट डिफ्युजन नोटिस जारी गरिएको थियो। नोटिस जारी भएपछि उनी फिलिपिन्समा लोकेट

*(बाँकी अन्तिम पृष्ठमा)*

आजबाट झापामा अर्थोकन सम्मेलन

# अमेरिकासहित विभिन्न १५ राष्ट्रका विशेषज्ञ झापामा



**झापा, माघ २८।** पछिल्लो एक दशकयता पूर्वी नेपालको स्वास्थ्य सेवा संरचनामा उल्लेख्य परिवर्तन देखिएको छ।

गुणस्तरीय उपचार, विशेषज्ञ चिकित्सक र आधुनिक प्रविधिको पहुँच विस्तारसँगै झापा क्रमशः 'मेडिकल हब' का रूपमा स्थापित हुँदै गएको छ। यही यात्रालाई थप उचाइ दिने उद्देश्यसहित कोशी प्रदेशमै पहिलो पटक अन्तर्राष्ट्रियस्तरको हाडजोर्नी उपचारसम्बन्धी सम्मेलन 'अर्थोकन-२०२६' झापामा बुधवारबाट शुरु हुन लागेको छ। नेपाल अर्थोपेडिक एशोसिएशनको ३९औँ वार्षिक सम्मेलन तथा अर्थोकन-२०२६ मेची च्याप्टरको आयोजनामा माघ २९देखि फागुन ३ गतेसम्म सञ्चालन हुँदैछ। सम्मेलनमा १५ भन्दा बढी मुलुकका १०० भन्दा बढी अन्तर्राष्ट्रिय हाडजोर्नी विशेषज्ञ चिकित्सक तथा नेपालका करिब ४०० भन्दा बढी अर्थोपेडिक चिकित्सक र स्वास्थ्यकर्मी सहभागी हुनेछन्।

कुनै समय सामान्य उपचारका लागि पनि काठमाडौं वा छिमेकी मुलुक भारत धाउनुपर्ने बाध्यता झापावासीका लागि सामान्य थियो। तर, बीएण्डसी मेडिकल कलेज, पूर्वाञ्चल क्यान्सर अस्पताल, पूर्णटुङ्ग बिर्तासिटी अस्पताल, मेची आँखा अस्पतालजस्ता ठूला तथा विशेषज्ञ सेवा दिने अस्पताल सञ्चालनमा आएपछि अवस्था क्रमशः बदलिएको छ। आज झापा छिमेकी जिल्लादेखि भारतसम्मका बिरामीको उपचार गन्तव्य बन्दै गएको छ।

विशेषगरी आँखा उपचारमा झापाले अन्तर्राष्ट्रिय पहिचान बनाइसकेको छ। बिर्तामोडमा सञ्चालनमा रहेका आँखा अस्पतालहरूमा भारतीय नागरिकसमेत उपचारका लागि नेपाल आउने संख्याले झापाको स्वास्थ्य सेवाको विश्वसनीयता झल्काउँछ। यही पृष्ठभूमिमा अन्तर्राष्ट्रियस्तरको अर्थोकन सम्मेलन झापामा आयोजना हुनु स्वभाविक विकासको अर्को कडीका रूपमा हेरिएको छ।

**ज्ञान आदान-प्रदान र नयाँका लागि अवसर**

अर्थोकन-२०२६ केवल औपचारिक सम्मेलन मात्र नभई हाडजोर्नी उपचार क्षेत्रमा भइरहेका नवीनतम् प्रविधि, उपचार पद्धति र अन्तर्राष्ट्रिय अनुभव आदान-प्रदान गर्ने साझा मञ्च बन्ने अपेक्षा गरिएको छ। आयोजक समिति मेची च्याप्टरका अध्यक्ष डा. लक्ष्मीप्रसाद मैनालीका अनुसार सम्मेलनमार्फत झापालाई अन्तर्राष्ट्रिय स्वास्थ्य नक्सामा चिनाउने लक्ष्य राखिएको छ।

नेपाल अर्थोपेडिक एशोसिएशनका महासचिव डा. नागमणि सिंहले सम्मेलनले नयाँ पुस्ताका अर्थोपेडिक सर्जनलाई विश्वस्तरीय अनुभव साटासाटको अवसर दिने विश्वास व्यक्त गरे। उनका अनुसार अन्तर्राष्ट्रिय ख्यातिप्राप्त चिकित्सकसँग प्रत्यक्ष अन्तरक्रिया र कार्यशालाले नेपालमा हाडजोर्नी उपचारको गुणस्तर उकास्न मद्दत पुऱ्याउनेछ।

**स्वास्थ्य पर्यटन र कोशी पर्यटन वर्षसँग जोडिएको अपेक्षा**

अमेरिका, बेलायत, चीन, हङकङ, इण्डोनेशिया, थाइल्याण्डलगायत मुलुकका विशेषज्ञ चिकित्सकको उपस्थितिमा आयोजना हुन लागेको अर्थोकन सम्मेलनलाई 'हाडजोर्नी उपचारको महाकुम्भ' का रूपमा हेरिएको छ।

आयोजक समिति मेची च्याप्टरका महासचिव डा. रुपेशजंग बेलबासेका अनुसार यस सम्मेलनले कोशी प्रदेश सरकारको 'कोशी पर्यटन वर्ष-२०२६' लाई समेत टेवा पुग्ने अपेक्षा गरिएको छ। स्वास्थ्य सेवा र पर्यटनबीचको अन्तरसम्बन्ध विश्वव्यापी रूपमा स्थापित हुँदै गएको सन्दर्भमा अर्थोकन-२०२६ले झापालाई स्वास्थ्य पर्यटनको सम्भावित गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने विश्लेषण गरिएको छ।

माघ २९ गते बिर्तामोडका विभिन्न अस्पतालमा पूर्व-सम्मेलन कार्यशाला तथा फागुन १, २ र ३ गते धुलाबारीस्थित होटल मेची क्राउनमा मुख्य सम्मेलन आयोजना गरिने छ। सम्मेलन सम्पन्न गर्न झण्डै दुई करोड रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ।

अर्थोकन-२०२६ सफलतापूर्वक सम्पन्न भए झापाको स्वास्थ्य क्षेत्रमा लगानी आकर्षण, विशेषज्ञ चिकित्सकको बसाइँसराइँ तथा अन्तर्राष्ट्रिय सहकार्य बिस्तार हुने अपेक्षा

*(बाँकी अन्तिम पृष्ठमा)*

## निर्वाचनलाई निष्पक्ष बनाउन ध्यानाकर्षण




**काठमाडौँ, माघ २८।** राष्ट्रियसभाको बुधवारको बैठकमा सदस्यहरूले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण र भयरहीत वातावरणमा सम्पन्न गराउन सरकारको ध्यानाकर्षण गराएका छन्।

बैठकको शून्य समयमा बोल्दै सांसदहरूले आगामी फागुन २१ गते हुने निर्वाचनका सन्दर्भमा सम्भावित सुरक्षा चुनौतिप्रति गम्भीर बन्न सरकारलाई आग्रह गरे।

सांसद कृष्णबहादुर रोकायाले सुरक्षाकर्मीमाथि भएका आक्रमणका घटनाले निर्वाचनको सुरक्षा व्यवस्थापन र प्रहरीको मनोबलमा नकारात्मक असर पर्नसक्ने भन्दै चिन्ता व्यक्त गरे। सांसद पदमबहादुर परियार र विष्णुदेवी पुडासैनीले मतदाताले ढुक्क र शान्तिपूर्ण वातावरणमा मतदान गर्न पाउने सुनिश्चितता गर्न सरकारसँग माग गरे। सांसद परियारले गैरआवासीय नेपाली संघ (एनआरएन)को निर्वाचनमा सरकारको भूमिकाबारे प्रश्न उठाए।

सांसद घनश्याम रिजालले निर्वाचन नजिकिँदै जाँदा बजारमा कृत्रिम अभाव र कालोबजारी बढेको उल्लेख गर्दै प्रभावकारी बजार अनुगमन गर्न सरकारको ध्यानाकर्षण गराए। शून्य समयमा बोल्दै सांसदहरूले तामाकोशी बस दुर्घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गरे। मृतकका परिवारलाई आवश्यक राहत उपलब्ध गराउन सभामुखमार्फत सरकारसँग माग राख्दै उनीहरूले घाइतेहरूको उपचारका लागि आवश्यक सबै प्रकारका सहयोग सुनिश्चित गर्न पनि सरकारको ध्यानाकर्षण गराए।

सांसद रेणु चन्द र श्रीकृष्णप्रसाद अधिकारीले बढ्दो सडक दुर्घटना न्यूनीकरणका लागि सरकार गम्भीर हुनुपर्ने बताउँदै सुरक्षित सडक यात्राका लागि सरोकारवाला सबै पक्षको सक्रियता आवश्यक रहेको उल्लेख गरे।

**२१ जनाले बुझाएनन् स्पष्टीकरण**

प्रतिनिधि सभा निर्वाचनको आचारसंहित उल्लघंन गरेको आरोप लागेका २१ जनाले स्पष्टीकरण बुझाएका छैनन्।

निर्वाचन आचारसंहित लागू भएपछि निर्वाचन आयोगले अहिलेसम्म ५१ जनालाई स्पष्टीकरण सोधेको थियो। त्यसमध्ये ३० जनाले मात्रै स्पष्टीकरण बुझाएको

*(बाँकी अन्तिम पृष्ठमा)*

## ताप्लेजुङमा चुनावी सरगर्मी बढ्यो




**ताप्लेजुङ, माघ २८।** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा पुर्वि पहाडी जिल्ला ताप्लेजुङमा चुनावी सरगर्मी बढ्दै गएको छ।

पूर्वी पहाडी जिल्ला ताप्लेजुङमा उम्मेदवारहरू आफ्ना नेता-कार्यकर्तासहित घरदैलो तथा भेटघाट अभियानमा सक्रिय भएका छन्।

यसपटक ताप्लेजुङबाट नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टीसहित १३ दलका १३ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्। मतदाताको समर्थन जुटाउन उम्मेदवारहरू गाउँ-बस्ती केन्द्रित अभियानमा व्यस्त छन्।

जिल्लाका ६१ वडामध्ये कांग्रेसले २९ वडामा घरदैलो कार्यक्रम सम्पन्न गरिसकेको छ। कांग्रेसबाट गजेन्द्रप्रसाद तुम्याहाङ उम्मेदवार रहेका छन्। नेकपा एमालेका उम्मेदवार क्षितिज थेबे ३१ भन्दा बढी वडामा पुगिसकेका छन् भने नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार खेलप्रसाद बुढाक्षेत्री ३० भन्दा बढी वडामा पुगेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार वीरेन्द्र श्रेष्ठले ३५ वडामा घरदैलो भेटघाट गरिसकेका छन्।

अन्य दलका उम्मेदवारहरू पनि घरदैलो अभियानमा सक्रिय छन्। चुनावको मिति नजिकिँदै जाँदा जिल्लामा चुनावी माहोल थप तातेको छ। मतदाताहरूले उम्मेदवारहरूसँग सडक, खानेपानी, स्वास्थ्य सेवा, रोजगारी तथा विकास निर्माणका विषयमा चासो राखेका छन् भने दिगो विकास र स्थिरताको चाहना व्यक्त गरिरहेका छन्।

## करणी गरेको अभियोगमा पक्राउ

**संखुवासभा, माघ २८।** २१ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा चिचिला गाउँपालिका-१ बस्ने खाँदबारी नगरपालिका-६ घर भएका २४ वर्षीय चूडामणि चौलागाँईलाई प्रहरीले पक्राउ गरेको छ।

चौलागाँईले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी चिचिलाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

**तेस्रो हरिकुमार प्रसाई स्मृति जिल्ला स्तरीय अन्तरविद्यालय फुटबल**

## उपाधि कञ्चन स्कूललाई




**बिर्तामोड, माघ २८।** झापाको बिर्तामोडस्थित एभरेष्ट स्मार्ट एकेडेमी र एभरेष्ट स्पोर्ट्स एकाडेमीको आयोजनामा भएको तेस्रो हरिकुमार प्रसाई स्मृति जिल्ला स्तरीय अन्तरविद्यालय यु-१३ नकआउट फुटबल प्रतियोगिताको उपाधि कञ्चन अंग्रेजी स्कूलले हात पारेको छ।

२० वटा बिद्यालय सहभागी रहेको प्रतियोगिताको फाइनलमा निदी र कञ्चन अंग्रेजी बिद्यालयबिच प्रतिस्पर्धा भएको थियो। प्रतियोगितामा कञ्चन अंग्रेजी स्कूलले २-० को अन्तरले निदीलाई पछि पार्दै उपाधि हात पारेको हो।

एभरेष्ट स्मार्ट एकेडेमी बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष आशिष प्रसाईको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा झापा-११ फुटवल क्लवका अध्यक्ष तथा मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरुङको प्रमुख आतिथ्य रहेको थियो।

कार्यक्रममा प्रमुख अतिथि गुरुङ, नेपाल पत्रकार महासंघ झापा अध्यक्ष एकराज गिरी, राष्ट्रिय उपभोक्ता मञ्च, झापाका अध्यक्ष मदनगोपाल सुब्वा, बिर्तामोड नगर शिक्षा शाखा अधिकृत जानुका रेग्मी, प्याब्सन बिर्तामोड अध्यक्ष सुरेन्द्र खरेललगायतले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा स्वागत गर्दै प्रिन्सिपल अनुप शर्माले विद्यालयका संस्थापक प्रसाईंको स्मृतिमा हरेक बर्ष उक्त प्रतियोगिता हुँदै आएको जानकारी दिए।

कार्यक्रमको सञ्चालन शिक्षक तृष्णा अधिकारीले गरेकी थिइन्।

प्रतियोगितामा सुनभागा स्कूल, टावर टेम्पल, गोमेन्द्र, बाल बाटिका, चिल्ड्रेन इन्भारोमेन्ट, मेची मोडल, निधि, ग्रिन फिल्ड, ब्रिलियन्ट पिपुल्स, देवकुल, होलीवेल, वेल्स मोडल, कञ्चनजंघा, कञ्चन, सूर्योदय, हरिकुल, बाल्मीकि प्रोभिडेन्स र न्यूट्न्स एजुकेशन एकाडेमीले भाग लिएका थिए।

झापा गोल्डकप

## आज मच्छिन्द्र एफसी र एनपेनाङ मलेशिया भीड्दै



**बिर्तामोड, माघ २८।** सशस्त्र प्रहरीको एपीएफ फुटबल क्लबले हरि कार्कीको ह्याट्रिकको मद्दतमा भुटानको रोयल थिम्पू कलेजलाई ४-१ गोल अन्तरले पराजित गर्दै सेमीफाइनल प्रवेश गरेको छ। एकपक्षीय खेलमा एपीएफले खेल अवधिभर भुटानलाई दबाबमा राखेको थियो।

खेलको छैटौं मिनेटमै एपीएफले गोलको खाता खोल्यो। एपीएफका स्ट्राइकर प्रदीप लामाले करिब ३० यार्डबाट गरेको लङ रेञ्जर सटले जाली चुमेको थियो। एपीएफको लागि अर्को गोल कप्तान हरि कार्कीको नाममा रह्यो। उनले खेलको १८औँ मिनेटमा दीपेश धिमालले डिबक्समा मिलाइदिएको पासलाई गोल गर्दै अग्रता दोब्बर बनाएका थिए।

एपीएफका लागि तेस्रो गोल पनि कप्तान कार्कीकै नाममा रह्यो। २२औँ मिनेटमा समिराज थोकरले गरेको प्रहार भुटानका गोलरक्षक टासी नोर्बुबाट रिबाउन्स भएको बललाई सदुपयोग गर्दै कार्कीले टिमको जित निश्चित गरेका थिए। खेलको ८३औँ मिनेटमा गोल गर्दै एपीएफका कप्तान कार्कीले ह्याट्रिक पूरा गरे। भुटानका गोलकिपरबाट रिबाउन्स भएको बललाई डिबक्समा अनमार्क रहेका कार्कीले गोल गर्दै ह्याट्रिक पूरा गरेका हुन्। योसँगै जारी प्रतियोगितामा हालसम्म ह्याट्रिक गर्ने कार्की एक्ला खेलाडी बनेका छन्।

भुटानको लागि एक मात्र सान्त्वाना गोल पेनाल्टीबाट सम्भव भयो। खेलको ७९औँ मिनेटमा किन्जाङ तेन्जिङ शेर्पालाई एपीएफका दीपेश धिमालले डिबक्समा फल गरेपछि भुटानले पेनाल्टी पाएको थियो। शेर्पाले नै पेनाल्टीमार्फत गोल गरेका थिए।

खेलमा एपीएफले आक्रमक तथा भुटानले रक्षात्मक खेल प्रस्तुत गरेका थिए। एपीएफले खेलको ३ मिनेटमै विपक्षी पोष्टमा आक्रमण शुरु गरेको थियो। एपीएफका दीपेश धिमालले गरेको प्रहार भुटानका गोलकिपरले मुस्किलले जोगाएका थिए। १६औँ मिनेटमा गोलकिपर बिट भइसकेको अवस्थामा समिराज थोकरले गरेको अर्को प्रहार भुटानका डिफेन्डरले गोल लाइनबाट बचाए।

शुरुको २२ मिनेटमै तीन गोल खाएको भुटानले खेलको २८औँ मिनेटमा अग्रता कम गर्ने अवसर पाएको थियो। सोनाम यासेले गोलपोष्ट नजिकै पाएको बललाई सदुपयोग गर्न सकेनन्। त्यस्तै, ७८औँ मिनेटमा जिग्मे सुल्ट्रिमको फ्रि-किक क्रस बारमा लागेर बाहिरिँदा भुटान स्कोर अन्तर घटाउन चुकेको थियो।

खेलको प्लेयर अफ द म्याच बिजेता टिम एपीएफका ह्याट्रिककर्ता हरि कार्की घोषित भए। उनले नगद २५ हजार रुपैयाँ पुरस्कार पाए। बिहीबारको अन्तिम क्वाटरफाइनल खेल मच्छिन्द्र एफसी र एन पेनाङ मलेशियाबीच हुने आयोजक समितिले जनाएको छ।


**भूकम्पबाट जोगिन सचेत बनौं**

- भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
- आफ्नो घरको संरचना भूकम्प प्रतिरोधी बनाऔं।
- परिवार समुदायलाई भूकम्प सुरक्षा बारे जानकारी गराऔं।
- भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
- आपतकालीन सामग्री (पिउने पानी, औषधि, बत्ती, खाजा) तयार राखौं।

**भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST
CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)
प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

उपचार हुने रोगहरू
- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४५११७४

# पूर्वाञ्चल प्लाष्टिकले आईपीओ निकाल्दै




**बिर्तामोड, माघ २८।** झापाको बिर्तामोड-२मा करिब १० वर्षअघि स्थापना भएको पूर्वाञ्चल प्लाष्टिक पाइप इण्डष्ट्रिज प्रालि निजी कम्पनीबाट पब्लिक कम्पनीमा रूपान्तरण भएको छ। कम्पनीले सेवा विस्तार र पुँजी वृद्धि गर्ने उद्देश्यसहित सामुहिक सहभागितातर्फ अघि बढ्दै सार्वजनिक कम्पनीको रूप लिएको हो।

बजारको बढ्दो माग र उद्योगमा हासिल गरेको अनुभवलाई मध्यनजर गर्दै द्रुतगतिमा विस्तार गर्नुपर्ने आवश्यकता देखिएपछि कम्पनीलाई पब्लिकमा रूपान्तरण गरिएको व्यवस्थापनले जनाएको छ। यससँगै कम्पनीको चुक्ता पुँजी हाल १३ करोड रुपैयाँ पुगेको छ भने चार जना नयाँ शेयरधनी थपिएका छन्।

कम्पनीको योजना अनुसार आर्थिक वर्ष २०८२/०८३मा नयाँ मेसिन जडान, उपकरण खरिद, जग्गा खरीद तथा चालूपुँजीमा गरी १४ करोड ४१ लाख रुपैयाँ लगानी गरिनेछ। यसबाट वार्षिक बिक्री १५ करोडबाट २५ करोड रुपैयाँ पुग्ने अनुमान गरिएको छ।

त्यसैगरी आर्थिक वर्ष २०८३/०८४मा थप संरचना र अत्याधुनिक उपकरणमा १२ करोड १० लाख रुपैयाँ लगानी गरिनेछ, जसले बिक्रीलाई ६० करोड रुपैयाँसम्म पुऱ्याउने लक्ष्य लिइएको छ। विर्तामोडमा गुणस्तरीय पाइप उत्पादन गर्दै आएको कम्पनीले अब आईपीओमार्फत सर्वसाधारणलाई लगानीको अवसर प्रदान गर्ने योजना बनाएको जनाएको छ।

कोशी-पाथीभरा इण्डो-नेपाल टी-२० च्यासिम्पयनसीप

# आसाम फाइनलमा

**झापा, माघ २८।** भारतको राइनोल्याण्ड क्रिकेट क्लव आसाम भद्रपुर क्रिकेट क्लवको आयोजनामा झापाको भद्रपुरस्थित मेची बहुमुखी क्याम्पसको क्रिकेट ग्राउण्डमा जारी कोशी-पाथीभरा इण्डो-नेपाल टी-२० च्यासिम्पयनसीपको फाइनलमा प्रवेश गरेको छ।

बुधवार भएको पहिलो सेमीफाइनल खेलमा नेपालको फ्रेण्डस् युथ क्लव डडेल्धुरालाई २ विकेटले पराजित गर्दै आसामले फाइनलमा स्थान सुरक्षित गरेको हो। टस जितेर पहिलो ब्याटिङ रोजेको डडेल्धुराले निर्धारित २० ओभरको खेलमा १९.१ ओभर खेल्दै सबै विकेट गुमाएर ९१ रन मात्र बनाउन सक्यो। उसले टसको फाइदा उठाउन सकेन।

बलरलाई साथ दिएको पिचमा डडेल्धुरालाई सस्तैमा समेट्न आसामकातर्फबाट गोकुल शर्माले ४ ओभरमा मात्र १७ रन खर्चिएर सर्वाधिक ३ विकेट लिए। तपनकुमार शर्मा र प्राञ्जल भारालीले समान २-२ तथा निहार डेका र निबिर डेकाले १-१ विकेट लिए। ब्याटिङमा डडेल्धुराका दीपक बोहोराले ३१ बलमा ४० रन बनाए भने आशिष लुहारले २७ रन बनाए। अन्य ब्याटरले दोहोरो अंकको रन बनाउन सकेनन्।

जवाफमा आसामको शुरुवात पनि राम्रो हुन सकेन। १२ रनको स्कोर हुँदा ४ विकेट गुमाइसकेको आसामले अन्तिम ओभरमा मात्र जीत हासिल गर्‍यो। आसामले १९.२ ओभरमा ८ विकेट क्षतिमा ९५ रन बनाएर जीत हासिल गरेको हो। ब्याटिङमा आसामका तर्फबाट गोकुल शर्मा र स्वस्तिक क्षेत्रीले समान ३२ रनको योगदान दिए। बलिङमा डडेल्धुराका तर्फबाट अजय चौहानले ४ ओभरमा १३ रन खर्चिएर २ विकेट लिए।

बलिङ र ब्याटिङ, दुबैमा चम्किएका गोकुल शर्मा म्यान अफ द म्याच भए। उनले नगद ११ हजारसहित ट्रफी प्राप्त गरे। उनलाई भद्रपुर नगरपालिकाका नगरप्रमुख गणेश पोखरेलले म्यान अफ द म्याच पुरस्कार प्रदान गरे। अहिले दोस्रो सेमीफाइनल खेल आयोजक भद्रपुर क्रिकेट क्लब र भारतको लखनउबीच शुरु भएको छ। विजेतासँग आसामले भोलि हुने फाइनलमा प्रतिस्पर्धा गर्नेछ।

प्रतियोगिताको बिजेता टिमले पाँच लाख नगदसहित शिल्ड प्राप्त गर्नेछ भने उपबिजेता टिमले नगद तीन लाखसहित शील्ड प्राप्त गर्ने प्रतियोगिताका संयोजक गौरब सुब्बा 'मनोज'ले जानकारी दिए।

## अमेरिकासहित ...

गरिएको छ। यसले दीर्घकालीन रूपमा झापालाई पूर्वी नेपालको मात्र नभई दक्षिण एशियाकै एक महत्वपूर्ण स्वास्थ्य केन्द्रका रूपमा स्थापित गर्न सक्ने विश्लेषकहरूको भनाइ छ।

सम्मेलनका विषयमा जानकारी दिने उद्देश्यले बिर्तामोडमा बुधवार आयोजना गरेको पत्रकार सम्मेलनमा मेची च्याप्टरका डा. प्रेमबहादुर साही, डा. निराजन पराजुली लगायतले बोलेका थिए। कार्यक्रममा एनओएका केन्द्रीय अध्यक्ष प्रो.डा. बिमलकुमार पाण्डे, एनओएका वैज्ञानिक समूह अध्यक्ष डा. बिजयेन्द्र अधिकारीसहितको उपस्थितिमा कार्यक्रम आयोजना गरिने बताइएको छ।

## निर्वाचनलाई ...

आयोगका सहायक प्रवक्ता कुल जीसीले बताए। जीसीका अनुसार, २१ जनाले स्पष्टीकरण बुझाएका छैनन्। उनीहरूलाई स्पष्टीकरण बुझाउन ताकेता गरिएको आयोगले जनाएको छ।

निर्वाचन आचारसंहिता उल्लघंन गरेको देखिएमा आयोगले स्पष्टीकरण सोध्ने गरेको छ। स्पष्टीकरण आएपछि जाँचबुझ गरी कारबाहीको निर्णय गर्छ। प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि आयोगले माघ ४ गतेदेखि आचारसंहिता लागू गरेको छ।

## हाई ...

भएका थिए। पाठकले अख्तियार प्रमुख प्रेमकुमार राईसहित १० जना हाई प्रोफाइललाई धम्की दिएका थिए।

सामाजिक सञ्जाल फेसबुकमा भिडियो र अडियो सन्देश पोष्ट गरेर धम्क्याउँदै उनी भारत, इण्डोनेशिया हुँदै फिलिपिन्स पुगेका थिए। उग्रवादी संगठनको अध्यक्ष दाबी गर्ने पाठकलाई लिन प्रहरीको इन्टरपोल शाखाका एसपी रुपेश खड्का र जिल्ला प्रहरी परिसर काठमाडौँका एक जना इन्स्पेक्टर फिलिपिन्स गएका थिए।

पाठकले सामाजिक सञ्जालमा भिडियो पोष्ट गरेर उनले लोकमानसिंह कार्की, गोपालबहादुर खड्का, रमेश लेखक, बालकृष्ण खाँण, आरजु राणा, ओमबिक्रम राणा, हेमबहादुर गुरुङ, रमेशचन्द ठकुरी र दुर्गा प्रसाईंलाई ज्यान मार्ने धम्की दिएका थिए।

प्रकाश पाठकसँग 'कनेक्सन' मा देखिएका ३ जनालाई प्रहरीले यसअघि पक्राउ गरेको थियो। पक्राउ पर्नेमा धादिङ घर भएका शरणजङ्ग शाही, सर्लाही घर भएका तोरण थापा मगर र बर्दिया घर भएका धीरेन्द्र सुनार थिए।






## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा

**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

**प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म**
**पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड–५, झापा**

**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स–रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




**सम्पर्क नं. : ०२३–५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६**

## कर्मचारी आवश्यकता

**यस अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्थाको मुख्य कार्यालय बिर्तामोड –०५, झापाका लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला।**

**पदः रिसेप्सन (Member Service)........ २ (महिला) (बिर्तामोड र खुदुनाबारी शाखा)**
**योग्यता : स्नातक तह उत्तीर्ण वा अध्ययनरत्, वित्तीय क्षेत्रमा कम्तीमा १ बर्षको अनुभव साथै कम्प्युटरमा दक्षलाई पहिलो प्राथमिकता**
**तलब : १४५००+ अन्य सुबिधा**
**आवेदन शुल्क : २५०**

**पदः कार्यालय सहायक .............. १ जना महिला/पुरुष (बिर्तामोड)**
**योग्यताः स्नातक तह उत्तीर्ण वा अध्ययनरत्, मोटरसाइकल वा स्कूटर चलाउन सक्ने, वित्तीय छेत्रमा कम्तीमा १ बर्षको अनुभव साथै कम्प्युटरमा दक्षलाई पहिलो प्राथमिकता**
**तलब : १३,५००/– + अन्य सुविधा**
**आवेदन शुल्क : २००**
**आवेदन भर्ने अन्तिम मिति : २०८२–११–१० गते सम्म**
**अन्य जानकारीको लागि निम्न ठेगानामा सम्पर्क गर्नुहोला।**
**सम्पर्क : ०२३–५३३७२०, ९८०२३१३३३७, ९८०२३१३३३६**
Drop your CV: इमेलः apsavingco@gmail.com
फेसबुक पेज : Annapurna saving & credit co–operative ltd, Birtamode-5, jhapa
**नोटः फारम पाउने स्थानः संस्थाको कार्यालय, बिर्तामोड–५, झापा/शाखाः अर्जुनधारा–०३, खुदुनाबारी**

**अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड, झापा**

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय**
**ताप्लेजुङ** **मिति २०८२।१०।२८**

## जग्गा नामसारी सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सूचना

जिल्ला ताप्लेजुङ साविक सान्थाक्रा गा.वि.स. वडा नं.–२ परिवर्तित मेरिङदेन गाउँपालिका वडा नं. २ बस्ने गौरीमान लिम्बुको छोरा ना.प्र.नं. १०४०/२४४१० जारी मिति २०४१/०६/११ ता.का मुक्ती प्रसाद लिम्बुले निजको काका तिलोक सिं लिम्बुको मिति २०७३/०२/३० मा र तिलोक सिंको एकमात्र श्रीमति उत्तर माया लिम्बुको मिति २०७४/०५/०१ मा मृत्यु भएको, मृतक दम्पतिबाट कुनै पनि सन्तानको जाय जन्म नभएको, मुक्ति प्रसादको बुबा गौरीमान लिम्बुको मिति २०२२/१२/२०मा र गौरीमानको एकमात्र श्रीमति धनरानी लिम्बुको मिति २०४६/१२/२२ मा मृत्यु भएको, मृतक दम्पत्ति गौरीमान र धनरानीबाट १ जना छोरा मुक्ति प्रसाद लिम्बुको जाय जन्म भएको र जाय जन्म भएको अविवाहित छोरी नभएको, **तिल्लोक सिं र उत्तरमायाको जीवित हुँदा सम्मको पालनपोषण तथा मृत्यु पश्चातको सम्पूर्ण काजकिरिया निवेदक मुक्ति प्रसादले नै गरेको** संलग्न कागजातहरुमा उल्लेख भएको देखिदा मृतक काकी / ज.ध. उत्तरमाया लिम्बुनीको नाममा दर्ता श्रेस्ता कायम रहेका साविक सान्थाक्रा–१ र २ को कि.नं. ६४ समेतका जग्गाहरु, मृतक काका/ ज.ध. तिल्लोक सिंह लिम्बुको नाममा रहेको सान्थाक्रा–१,२,७ को कि.नं. ३४७ समेतका जग्गाहरु र मृतक आमा/ ज.ध. धनरानी लिम्बुनीको नाममा रहेको सान्थाक्रा–२ को कि.नं. २८० का जग्गाहरु निवेदकहरुका नाममा मुलुकी देवानी संहिता २०७४को दफा २३९ बमोजिम नामसारी गरिदिनु भनी यस कार्यालयमा मिति २०८२/१०/२७ मा निवेदन दिएको हुँदा मृतक ज.ध. हरुको नाममा रहेका तपसिलका जग्गाहरु निवेदकका नाममा नामसारी गर्नु नपर्ने भए वा निवेदक वाहेक अरु कसैको हकदावी भए सूचना प्रकाशित भएको मितिले ३५ ( पैतीस) दिन भित्र सबुत प्रमाणसहित दावी गर्न यस कार्यालयमा आउनुहोला। म्यादभित्र दावी विरोध नगरेमा कानून बमोजिम निवेदकको मागदावी अनुसार नामसारी भैजाने र कुनै किसिमको उजुर दावी नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

**तपशिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल जम्मा | ज.ध.को नाम | निवेदकको नाम र ठेगाना | निवेदकको नागरिकता | कै. |
|---|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | सान्थाक्रा | १<br>२ | ६४<br>१४२ | ४–१३–०–१<br>२–५–३–० | १) उत्तरमाया लिम्बुनी<br>पतिः तल्लोक सिं<br>बुबाः जै बहादुर<br>ससुराः रुपध्वज<br>बतनः सान्थाक्रा–२ | १) मुक्तिप्रसाद लिम्बू<br>बुबाः गौरीमान<br>बाजेः रुपधोज<br>बतनः सान्थाक्रा–२ | १०४०/२४४१०<br>जारी मिति<br>२०४१।०६।११ता. | |
| | | २ | २८० | ३–८–३–३ | २. धनरानी लिम्बुनी<br>पतिः गौरीमान<br>ससुराः रुपध्वज<br>वतनः सान्थाक्रा–२ | [redacted] | | |
| | | १<br>२<br>२<br>२<br>२<br>७ | ३४७<br>१५०<br>१६०<br>१६५<br>३२४<br>२१२ | २–१५–०–१<br>१–२–२–१<br>१–८–०–२<br>०–१४–३–१<br>०–१५–१–३<br>४–११–३–१ | ३. तिल्लोक सिंह लिम्बू<br>बुबाः रुपध्वज<br>बाजेः मेवा सिं<br>वतनः सान्थाक्रा–२ | | | |

**सुकदेव गणेशः खरिदार** **निर्मल** [redacted]

## एक्सेल डेभलपमेन्ट बैंक लि.

**Excel Development Bank Ltd.** तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**वि.स.२०८२ फागुन ०१ गते (इ.सं.२०२६/०२/१३) देखि लागु हुने व्याजदर**

**निक्षेप**

| निक्षेपको प्रकार | न्यूनतम मौज्दात | ब्याजदर (% प्रतिवर्ष) |
|---|---|---|
| १.चल्ती/कल डिपोजिट | | |
| (क) कर्पोरेट डिपोजिट (CD) | १००० देखि ५००० सम्म | अधिकतम ०.२५ सम्म |
| (ख) एक्सेल सुपर निक्षेप (ESD) | ० | |
| २.बचत खाता | | |
| एक्सेल रेमिट बचत खाता | १०० | ३.८५ |
| एक्सेल प्रिमियम वचत खाता | १,००० | २.७५ |
| मेरो नानी बाबुको वचत खाता | १०० | २.७५ |
| एक्सेल समृद्धि वचत खाता | २,००० | २.७५ |
| एक्सेल उत्कृष्ट बचत खाता | २५,००० | २.८५ |
| सामाजिक सुरक्षा भत्ता खाता | ० | २.७५ |
| मेरो तलव खाता | ० | २.७५ |
| मेरो पेन्सन खाता | ० | २.७५ |
| अन्य सबै बचत खाता योजनाहरु | १०० | २.७५ |

**३.मुद्दति खाता**

| खाता प्रकार | ब्याजदर (% प्रतिवर्ष) व्यक्तिगत खाता – त्रैमासिक ब्याज भुक्तानी | ब्याजदर (% प्रतिवर्ष) संस्थागत खाता – त्रैमासिक ब्याज भुक्तानी |
|---|---|---|
| ३ महिने मुद्दति खाता | २.७५ | - |
| ६ महिने मुद्दति खाता | २.८० | २.७५ |
| ९ महिने मुद्दति खाता | २.८० | २.७५ |
| १ वर्षे वा सो भन्दा माथी ३ वर्ष भन्दा कमको मुद्दति खाता | ३.५० | २.९० |
| ३ वर्ष वा सो भन्दा माथी ५वर्ष सम्मको मुद्दति खाता | ४.५० | ३.०० |
| ५वर्ष भन्दा माथीको मुद्दति खाता | ५.३० | ३.५० |
| एक्सेल रेमिट मुद्धति खाता | व्यक्तिगत खाताको हकमा माथि उल्लेखित समयावधी बमोजिमको व्याजदरमा १% थप गरिनेछ | |

**४.क्रमिक बचत निक्षेप (नयाँ खाताहरुमा मात्र लागु हुनेछ)**

| अवधि | वार्षिक ब्याजदर % |
|---|---|
| १ वर्ष अवधि | ३.२५ |
| २ वर्ष अवधि | ३.७५ |
| [redacted] | ४.०० |
| | ४.२५ |
| | ४.५० |

**कर्जा**

| कर्जाको प्रकार | प्रिमियम दर(%प्रतिवर्ष) |
|---|---|
| १.संस्थागत (व्यवसाय कर्जा) | +४ सम्म |
| २. रिटेल (उपभोग) कर्जाहरुः घरकर्जा, गाडी कर्जा, व्यक्तिगत लगायत अन्य कर्जाहरु | +४ सम्म |
| ३. मार्जिन (शेयर) कर्जा | +४ सम्म |
| ४. रियल स्टेट कर्जा | +४ सम्म |
| ५. सुन चाँदी धितो कर्जा | +४ सम्म |
| ६.घरेलु, साना तथा मझौला कर्जा | +३.५० सम्म |
| ७.ग्रिन कर्जा | +३.०० सम्म |
| ८.व्याज अनुदान सहितको सहुलियत कर्जा | +२.०० सम्म |
| ९. कन्सोर्टियम कर्जा | कन्सोर्टियम निर्णयानुसार |
| १०.मुद्धती रसिद धितोमा | थप २ प्रतिशत वा पछिल्लो तीन महिनाको औसत आधार दरमा जुन बढी हुन्छ। |
| ११.छोटो आवधिक कर्जा (Short Term Loan) | +४.०० सम्म |

१२.नेपाल राष्ट्र बैंक बाट जारी निर्देशन बमोजिम विपन्न वर्ग लगायत अन्य तोकिएका क्षेत्रमा प्रवाह हुने कर्जाको प्रिमियम दर निर्देशन बमोजिम हुनेछ।

**स्थिर व्याजदर प्रतिवर्ष आवधिक कर्जा (Fixed Interest Rate)**

| कर्जाको प्रकार | ५ वर्षसम्म | ५ वर्ष भन्दा माथि १० वर्षसम्म | १० वर्षभन्दा बढी |
|---|---|---|---|
| घर कर्जा | ७.९९% | ८.५०% | ९.५०% |
| व्यवसायिक कर्जा | ८.२५% | ९.००% | १०.००% |
| सवारी कर्जा | ८.५०% | ९.००% | - |
| व्यक्तिगत कर्जा | ९.२५ % | १०.००% | १०.५०% |

[redacted] महिनाको औसत आधार दर (पुष मसान्त सम्मको) ६.२०% रहेको छ र ऋणीपिच्छे लागू हुने परिवर्तनीय व्याजदर औसत आधार दरमा आवश्यक जोखिम प्रिमियम थप गरी

[redacted] वापतको रकम मात्र जम्मा हुने व्यक्तिगत निक्षेप खाता तथा अक्षयकोष मुद्दती निक्षेपको हकमा नियामक निकायको निर्देशन/आपसी सहमति बमोजिम हुनेछ।

[redacted] दावी भुक्तानीमा एवं Force Loan मा तत्काल लागू रहेको अधिकतम प्रिमियम दर लाग्नेछ।

[redacted] लागि कर्जा लिएको हो सो उद्देश्यमा कर्जा प्रयोग नगरेको, धितो सम्पतिमा हानी नोक्सानी गरेको पाइएमा तथा कर्जा आव्हान पत्रमा उल्लेख भएको शर्त तथा बन्देजहरुको [redacted] थप कर्जा नोक्सानी व्यवस्था आवश्यक हुने ऋणीहरुको कर्जाको व्याजदरको प्रिमियम दरमा अतिरिक्त २% थप गरी कायम गर्न गरिनेछ। [redacted] व्याज सम्बन्धी नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हनेछ।

[redacted] रण गर्दा नेपाल राष्ट्र बैंकको निर्देशनको परिधिभित्र रहेर गरिने छ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा [redacted] व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह–सम्पादक [redacted] सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रे [redacted] बद्री महतारा (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## क्षतिको पुनर्भरण होस्

**जेन–जी आन्दोलनको प्रभावमा देशले ठूलो क्षति व्यहोर्नु परेको छ । अर्थमन्त्रालयले सार्वजनिक गरेको प्रतिवेदन अनुसार आन्दोलनका कारण सार्वजनिक र निजी क्षेत्रको गरी करिब साढे चौरासी अर्ब रुपैयाँ बराबरको भौतिक क्षति भएको छ । दुई दिन मात्रै भएको आन्दोलनले देशको अर्थतन्त्रको संवेदनशीलता र आन्तरिक स्थायित्व कमजोर रहेको सिद्ध गरेको छ । आन्दोलनको प्रत्यक्ष प्रभाव राजश्व संकलन र आयातमा परेको छ, वैदेशिक लगानीको वातावरणमा नकारात्मक सन्देश प्रवाह भएको मन्त्रालयद्वारा सार्वजनिक प्रतिवेदनमा उल्लेख छ । आन्दोलन दीर्घकालीन जोखिमका रुपमा रहेको पनि मूल्याङ्कन प्रतिवेदनमा जनाइएको छ ।**

**जेन–जी बिद्रोह युवा पुस्ताको असन्तुष्टिको परिणाम थियो । युवापुस्ताले विश्वका अन्य देशहरुमा पनि विद्रोह गरेका उदाहरण छन् । ती सबै बिद्रोह सरकारको अक्षमता, कुशासन र भ्रष्टाचारका बिरुद्ध थिए । बिना योजना तत्क्षणको घटनाको प्रभावमा नवपुस्ताले गरेको नेतृत्वविहीन आन्दोलनले अनपेक्षित, कल्पनातीत र विस्मयकारी परिणाम दियो । नवपुस्ताकै अगुवाई र नेतृत्वमा स्वस्फूर्त सहभागिताको यो आन्दोलन देशव्यापी बन्यो र आन्दोलन दबाउन तत्कालीन सरकारले बर्बर दमन गर्दा बालबालिकादेखि सर्वसाधारणसम्मका ठूलो संख्यामा मानवीय क्षति भयो । जुन क्षति र त्यसको पुनर्भरण कहिल्यै गर्न सकिँदैन ।**

**नेपालमा जेन–जी समूहले तत्कालीन सरकारको अकर्मण्यताबिरुद्ध प्रदर्शन गरेको थियो । दुई ठूला, पुराना शक्तिहरुको गठबन्धनको सरकारले एक वर्ष हुँदा पनि उनीहरुकै बीच भएको सहमति कार्यान्वयन नगर्नु विद्रोहको एउटा कारण थियो । जनताले गरेका अपेक्षा र आवश्यकता पूरा नहुनु, भ्रष्टाचार संस्थागत हुनु, दिनहुँ भ्रष्टाचारका नयाँ–नयाँ काण्ड थपिँदै जानु जस्ता कारणले प्रदर्शनलाई शक्ति थप्यो । हुँदा–हुँदा देशका सबै अङ्गहरु भ्रष्टाचारका विवादमा मुछिनु र देश क्रमशः आर्थिक सूचकांकमा ओरालो झर्दै अति भ्रष्ट मुलुकमा सूचीकृत हुनुले युवाको असन्तोष विद्रोहमा परिणत भयो ।**

**भदौ २३ गते भएको प्रदर्शनमा सत्तापक्षले बर्बर दमन गर्दा भोलिपल्ट नसोचेको घटना हुन पुग्यो । देशका मुख्य धरोहरदेखि, सरकारी संरचना र निजी व्यवसायिक क्षेत्र पनि ध्वस्त भए । वि.सं. २०४७ पछिका सरकारले आर्थिक, राजनीतिक नैतिक तथा नीतिगत भ्रष्टाचार गरेकै कारण उत्पन्न निराशाले बिद्रोहको रुप लियो । राजनीतिलाई ऐशआराम र बिलाशिता प्राप्त गर्ने सिंढी बनाइयो । भागबण्डाका नाममा सबै क्षेत्रमा दलीयकरण गरियो । हुँदा–हुँदा निरंकुश हुन थालेको सरकारले सामाजिक सञ्जाल माथि समेत प्रतिबन्ध लगाएपछि युवाको आक्रोश ब्रिदोहमा परिणत भयो । जसले देशलाई नै वर्षौंपछि धकेलेको छ । यस्तोमा आसन्न निर्वाचनमा मतदाताले विवेकपूर्ण मतदान गर्नु आजको आवश्यकता हो । जेन–जी पुस्ताको असन्तुष्टि सम्बोधन गर्दै देशलाई समुन्नत बनाउने महायज्ञरुपी निर्वाचनले विद्यमान समस्याको निदान खोज्नुपर्छ ।**

# निर्वाचनमा मतदाताको जिम्मेवारी र भूमिका



कृष्णहरि बाँस्कोटा



आगामी फागुन २१ गते प्रतिनिधिसभाका सदस्यको निर्वाचन हुँदैछ। नेपालको वर्तमान संविधानको धारा २४५ र २४६ मा निर्वाचन आयोगको गठन र काम कर्तव्यबारे उल्लेख छ। यो संवैधानिक आयोग हो। यो सरकार मातहतको निकाय नभएर अधिकार सम्पन्न स्वतन्त्र निकाय हो। यसले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्सनीय निर्वाचन गराउँछ।

यसर्थ १८ वर्ष उमेर पुगेका आम मतदाताले निर्वाचन आयोगले सम्पन्न गराउने निर्वाचनमा सहभागी भई नागरिकको कर्तव्यपालना गर्नुपर्छ। निर्वाचन आयोगको मुख्यालय काठमाडौंमा छ। सातै प्रदेश र ७७ वटै जिल्लामा यसका कार्यालयहरु छन्। यसर्थ, आफूलाई द्विविधा भएको विषयमा ती कार्यालयमा सम्पर्क राख्न सकिन्छ।

आयोगले सञ्चालन गरेको 'कल सेन्टर' र आयोगको 'वेबसाइट'बाट पनि भरपुर सूचना हासिल गर्न सकिन्छ। आगामी फागुन २१ गते प्रतिनिधिसभाका दुई सय ७५ जना सदस्य छनोटका लागि निर्वाचन हुँदैछ। यसमा ७७ जिल्लाबाट एक सय ६५ जना प्रत्यक्ष रुपमा निर्वाचित हुन्छन् भने एक सय ११० जना समानुपातिक निर्वाचनबाट निर्वाचित हुने कानूनी व्यवस्था छ। यसरी हामी मतदाताले एकै पटक प्रत्यक्ष र समानुपातिक गरी दुईवटा मतपत्रमा आफ्नो मत हाल्नुपर्छ।

प्रत्यक्ष तर्फको मतदानबाट सर्वाधिक मत ल्याउने उम्मेदवार विजयी हुन्छन् तर समानुपातिकतर्फ राजनैतिक दलको चुनाव चिह्नमा मत खसाएपछि सो को राष्ट्रियस्तरमा मतगणना भई मत संख्याका आधारमा समानुपातिक तर्फका उम्मेदवार निर्वाचित हुन्छन्। यसरी हामी मतदाताले एउटा मतपत्रमा प्रत्यक्षतर्फ मतदान गरी आफूले मतदान गरेको उम्मेदवार विजयी भए वा पराजित भए भनी मत गणनापछि जानकारी पाउँछौं।

समानुपातिक तर्फको मतदानबाट कुन उम्मेदवार विजयी भए वा कुन उम्मेदवार पराजित भए भनी मतदातालाई प्रत्यक्ष जानकारी हुँदैन। तर, निर्वाचनपछि निर्वाचन आयोगले कुन दलबाट को–को समानुपातिक उम्मेदवार विजयी भए भनी जानकारी गराउँछ। यसरी प्रत्यक्ष निर्वाचनबाट हामी मतदाताले व्यक्तिको छनोट गर्दछौं भने समानुपातिक मतदानबाट राजनीतिक दलको छनोट गर्दछौं भनी हेक्का राख्नुपर्छ।

नेपालको नागरिकताको प्रमाणपत्र भएको व्यक्ति १८ वर्ष पूरा भएपछि निर्वाचन आयोगको प्रक्रिया अनुसार मतदाता नामावलीमा सूचीकृत हुनुपर्छ। यसपछि आफ्नो फोटोसहितको मतदाता परिचयपत्र बन्छ। आगामी फागुन २१ गतेको निर्वाचनमा मतदान गर्न जाँदा सोही परिचयपत्र लिएर जानुपर्छ। सामान्यतः मतदान गर्न जाँदा नागरिकताको प्रमाणपत्र, लालपुर्जा, सवारीचालक अनुमतिपत्र, आफू कार्यरत कार्यालयको परिचयपत्र वा राहदानी लिएर जानु पर्दैन।

निर्वाचन आयोगले जारी गरेको मतदाता परिचयपत्र समयमै खोजेर ठिक्क पार्नुपर्छ। तर, मतदाता नामावलीमा नाम समावेश भएको र कुनै कारणवश मतदाता परिचयपत्र फेला नपरेमा माथिका पाँचवटा मध्ये कुनै एउटा कागजातको सक्कलै लिएर जाँदा मतदान गर्न पाइने व्यवस्था छ। यस्ता कुराको जानकारीका लागि निर्वाचन आयोगले मतदाता जागरण कार्यक्रम सञ्चालन गर्छ। यसमा सहभागी भई निर्वाचन सम्बन्धी अधिक कुरा जान्नुपर्छ। यस्तो कार्यक्रममा सहभागी हुन नसके निर्वाचन आयोगको वेबसाइटबाट पनि आवश्यक सूचनाहरु सङ्कलन गर्न सकिन्छ।

निर्वाचनको दिन सवारीसाधन चलाउन पाइन्न। सो दिन सार्वजनिक यातायात सञ्चालन हुँदैन। यसर्थ, आफ्नो मतदान केन्द्र कहाँ परेको छ भनी मतदान हुनु पहिल्यै जानकारीमा राख्नुपर्छ। मतदान गर्ने समय बिहान ८ बजे आरम्भ भई बेलुकी ५ बजे समाप्त हुन्छ। यसर्थ, समयमै मतदाता परिचयपत्र लिएर मतदान केन्द्रमा पुग्नुपर्छ। त्यहाँ सर्वप्रथम आफ्नो नाम भिडाउनुपर्छ। महिला र पुरुषको लाइन भिन्दाभिन्दै हुन्छ। मतदान स्थलमा प्रवेश गर्ने द्वार र बाहिरिने ढोका फरक हुन्छ।

मतदान केन्द्रको वरिपरि होहल्ला गर्न निषेध हुन्छ। यसर्थ, मतदान गरिसकेपछि निवासमै फर्किनु पर्छ। मतदान गर्नु पूर्व औंलामा मसी लगाएर मतपत्र प्राप्त हुन्छ। सो मतपत्रमा निर्वाचन आयोगले दिएको स्वस्तिक छाप लगाई मसी लतपत नहुने गरी पट्याएर बाकसमा खसाल्नुपर्छ। आफूले मतदान गरेको कसैले पनि देख्दैनन्। त्यहाँ सीसी क्यामरा जडान भएको हुँदैन, तर मतपत्र भने सबैले देख्ने गरी बाकसमा खसाल्नुपर्छ। यी सबै कार्यको फोटो खिच्न निषेध हुन्छ। यसर्थ, मतदान स्थलमा मतदाता परिचयपत्रको अलावा अन्य अनावश्यक सामग्री साथमा लिएर जानु हुँदैन। मतदान स्थलमा जाँदा आफूलाई मन परेको उम्मेदवार वा राजनीतिक दलको प्रचार हुने लुगा लगाउन वा कुनै प्रकारको सङ्केत गर्न पाइन्न। यसरी हरेक मतदाताले सभ्य नागरिकको परिचय दिन पछि पर्नु हुँदैन।

मतदान केन्द्रमा पूर्णत सुरक्षा प्रदान गरिएको हुन्छ। त्यहाँ स्वयम्सेवक खटिएका हुन्छन्। साथै, उम्मेदवारका प्रतिनिधि पनि हुन्छन्। निर्वाचनमा खटिएका कर्मचारीसमेत हुने हुँदा आवश्यक सहयोग लिन सकिन्छ। निर्वाचनमा कुन उम्मेदवार र राजनीतिक दल छान्ने भन्ने आफ्नो नैसर्गिक अधिकार हो। यसमा विवेक पुऱ्याएर मतदान गर्नुपर्छ। मतपत्रमा स्वस्तिक चिह्न प्रयोग गर्दा आफ्नो मत बदर नहुने गरी ध्यान पुऱ्याएर छाप हान्नुपर्छ। गोप्य मतदान केन्द्रमा हडबड नगरी समय लिनुपर्छ। यसमा कुनै समयसीमा तोकिएको छैन। मतदान गरेपछि वा गर्नुअघि आफन्त वा चिनजानका व्यक्तिसँग मतदानका विषयमा छलफल गर्न सकिन्छ। तर, मेरो मत यस उम्मेदवारमा जान्छ वा यस उम्मेदवारलाई मतदान गरेँ भनी सार्वजनिक रुपमा प्रकट गर्नु पर्दैन। यो भने पनि पुष्टि गर्ने आधार कसैसँग पनि हुँदैन। कारण स्वस्तिक चिह्न प्रयोग गरेको मतपत्र सार्वजनिक गर्न पाइन्न। मतपत्रमा स्वस्तिक चिह्न हानेपछि सोको फोटो खिच्न पनि पाइन्न। यी सबै कुरा आचारसंहिताभित्र पर्दछन्।

यहाँनेर एउटा प्रश्न उठ्छ, मतदान किन गर्ने ? सबै मतदान गर्न जाँदैनन्, म पनि नगए के फरक पर्ला ? यो गम्भीर प्रश्न हो। आम मतदाताले संविधान र कानुन एवम् असल नागरिकको कर्तव्य भुल्नु हुँदैन। वर्तमान नेपालको संविधानले मुलुकको सार्वभौमसत्ता नेपाली जनताको काँधमा सुम्पिएको छ। यो भनेको आफ्नो शासन आफैंद्वारा आफैंलाई गर्ने हो। यस खातिर प्रतिनिधिसभा लगायतको निर्वाचन हुन्छ। आगामी फागुन २१ गते प्रतिनिधिसभाका सदस्यहरुको निर्वाचन हुँदैछ। सो प्रतिनिधि सभाबाट प्रधानमन्त्रीको नियुक्तिका लागि मतदान हुन्छ। यसरी मुलुकको शासन सञ्चालनको जिम्मेवारी लिने जनप्रतिनिधिको छनोटमा हामी सबै सहभागी हुनुपर्छ। यो हरेक बालिग नागरिकको कर्तव्य हो।

निर्वाचनमा हुने फजुल खर्च हुने गरेको छ। यसमा सर्वसाधारण सजग हुनुपर्छ। राजनीतिक दल र उम्मेदवारको गतिविधिले घरभाडा वृद्धि हुन्छ। निर्वाचनको मुखमा अनावश्यक भ्रमण गर्दा यातायातको भाडा दर महँगो हुन सक्छ। यस बखत होटलका कोठा, रेष्टुरेन्ट र मोटर भाडा पनि महँगिन्छ। यसर्थ, आन्तरिक पर्यटनमा निस्किँदा यी कुराको पनि ख्याल गर्नुपर्छ। निर्वाचनको समयमा खाना, खाजा, माछा, मासु, खाद्य सामग्रीको खपत पनि बढ्छ। माग र आपूर्तिको सामञ्जस्यता नमिल्दा केही मूल्य वृद्धि हुन सक्छ।

यसर्थ यस्ता घरायसी खपतका सामानको पनि समयमै जोहो गर्नु बुद्धिमानी हुनेछ। यसबखत तुल, कपडा, ल्फ्रेक्स, पर्चा, पोष्टर, पम्प्लेट कागज, छपाइ, मुद्रण, विज्ञापन, होडिङबोर्डको खपत पनि बढी नै हुन्छ। यसर्थ, निर्वाचनकै मुखमा पर्ने गरी सङ्घ–संस्थाले कार्यक्रम नगर्नु नै उचित हुन्छ। कैयौं सरकारी कार्यक्रमहरु आचारसंहिताको कारण गर्न नपाइने पनि हुन्छ। विशेषगरी, निर्वाचनको समयमा मदिरा, चुरोट, स्थानीय रक्सी, जाँडलगायतका वस्तु पनि बढी नै खपत हुने गरेको छ। सामान्यतः यस्ता वस्तुको सेवन र उपयोग त्याग्नु नै उत्तम हुनेछ।

अन्त्यमा, आगामी फागुन २१ गते प्रतिनिधिसभामा सदस्यहरुका लागि हुन गइरहेको प्रत्यक्ष र समानुपातिक निर्वाचनका लागि निर्वाचन आयोग र सरकारले विशेष पहल गरिरहेको छ। यसमा सघाउनु आमनागरिकको कर्तव्य हो। यथार्थमा निर्वाचनको कार्य आयोग, उम्मेदवार र राजनैतिक दलको लागि मात्रै नभई आम मतदाताका लागि पनि हो। लोकतन्त्रको प्राण नै निर्वाचन हो। यसलाई संरक्षण गर्ने जिम्मेवारी आम मतदाताको भएकाले यस कार्यमा मन, वचन र कर्मले संलग्न रहन सार्वजनिक आह्वान गरिन्छ।

(लेखक राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख आयुक्त तथा नेपाल सरकारका पूर्व सचिव हुन्।)



# एचपीभी खोपबारे पाँच जिज्ञासा र जानकारी

सरकारले पाठेघरको मुखको क्यान्सरबिरुद्धको एचपीभी खोप अभियान माघ २५ गतेबाट देशैभर शुरु भएको छ। किशोरी लक्षित अभियानमा सहभागी भएर खोप लगाउन सरकारले सबैमा आग्रह समेत गरेको छ।

एचपीभी खोपबारे सरकारले विभिन्न माध्यमबाट यो सम्बन्धी जानकारी प्रवाह गरे पनि अझै केही जिज्ञासा छन्। एचपीभी खोपबारे पाँच जिज्ञासा र जानकारीबारे यहाँ स्पष्ट पार्न खोजिएको छ :

**खोप कहिले दिइन्छ ?**

एचपीभी खोप माघको अन्तिम सातादेखि फागुनको दोस्रो सातासम्म दिइने छ। तर, खोप सेवा सञ्चालन हुने मिति र समय पालिका तथा विद्यालय अनुसार फरक हुन सक्ने भएकाले सम्बन्धित विद्यालय वा नजिकका स्वास्थ्य संस्थामा सम्पर्क गरी खोप लगाउन अनुरोध गरिन्छ।

**कसलाई खोप दिइन्छ ?**

कक्षा ६ मा अध्ययनरत् सबै छात्रा तथा विद्यालय बाहिर रहेका १० वर्ष उमेरका किशोरीहरुलाई खोप दिइने छ। साथै गत वर्षको एचपीभी खोप अभियानबाट छुट भएका हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत् छात्रा तथा विद्यालय बाहिर रहेका ११ देखि १४ वर्ष उमेका किशोरीहरुलाई पनि यो खोप प्रदान गरिने छ।

**खोप कहाँ दिइन्छ ?**

यो खोप मुख्यतः विद्यालय केन्द्रित खोप केन्द्रहबाट दिइने छ। विद्यालय जाने छात्राहरुले आफ्नै विद्यालय वा नजिकको विद्यालयमा खोप लगाउन सक्नेछन्। विद्यालय नजाने किशोरीहरुले पनि नजिकको विद्यालय वा खोप सेवा सञ्चालन हुने स्वास्थ्य संस्थाबाट खोप लगाउन सक्नेछन्।


**यो एचपीभी खोप कति मात्रा दिइन्छ ?**

एचपीभी खोप एक मात्रा मात्र दिइन्छ। यो एक मात्राले नै करिब शतप्रतिशत प्रभावकारिता देखाएको छ। यसअघि एचपीभी खोप लगाइसकेकाले थप मात्रा लगाउनु पर्दैन।

**एचपीभी खोप कतिको सुरक्षित छ ?**

एचपीभी खोप अत्यन्तै सुरक्षित छ। विश्व स्वास्थ्य संगठनद्वारा गुणस्तर सुनिश्चित गरिएको खोप मात्र नेपालमा खरिद तथा प्रयोग गरिन्छ र औषधि व्यवस्था विभागबाट समेत प्रयोगको अनुमति प्राप्त छ। गत वर्ष करिब १६ लाख किशोरीहरुले खोप लगाएका थिए र कसैमा पनि गम्भीर असर देखिएको थिएन।



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
मन शान्त रहने छ, पारिवारिक जमघटले मनमा उत्साह बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
आज तपाईको मन प्रशन्न रहला, धन तथा स्वास्थ्य लाभको साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, नयाँ अवसरको बाटो खुल्नेछ, आफ्नो कामलाई समय दिनुहोला, कसैसँग वादविवाद नगर्नुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, भाग्यले साथ दिनेछ, बेलुकीपख थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट मनग्गे सहयोग प्राप्त हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, विशेष उपहार प्राप्त हुनाले मन खुशी हुनेछ, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
आजको दिन मध्यम रहेको छ, बोलिको प्रभावले काम बन्ने योग छ, बोल्दा विचार गर्नुहोला, इष्टमित्रले साथ दिनेछन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
सन्तान पक्षबाट शुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, धेरै समयदेखि बिग्रिएको प्रेम सम्बन्ध आजबाट कसिलो बनेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
अधुरा रहेका कामहरू आजबाट सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नाले तपाईको मन हर्षित हुनेछ ।

मिति २०८२/१०/२८ बुधबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. ३,०७,१००/-
चाँदी
प्रति तोला
रु. ५,३४०/-



**बुङ्गे चरा** : सुनसरीको इनरुवा नगरपालिका–४ मा फूलको रस चुस्दै गरेको भाले बुङ्गे चरा (पर्पल सनबर्ड)। प्रजनन समयमा आफ्नो रङलाई गाढा बैजनी र धातु जस्तै चम्किलो बनाउने यो चराले मुख्यतः फूलको रस र साना किराहरू खाई वनस्पतिको परागसेचनमा समेत मद्दत पुऱ्याउँछ। *तस्वीर : रासस*

# राष्ट्रपति रनिङ शिल्डको उपाधि हिमालीलाई

**भद्रपुर, माघ २८।** भद्रपुरमा आठौं नगरस्तरीय तथा १६औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि हिमाली माविले उचालेको छ।

भद्रपुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा भद्रपुर माविमा सम्पन्न भएको तीन दिने प्रतियोगितामा हिमालीले आठ स्वर्ण, तीन रजत र दुई कास्य गरी १३ पदक जित्दै उपाधि उचालेको हो। उपाधि उचालेसँगै हिमालीले नगद १५ हजारसहित ट्रफि पाएका छन्। प्रतियोगितामा छ स्वर्ण, चार रजत र दुई कास्य गरी १२ पदक जित्दै सगरमाथा मावि उपविजेता बनेका छन्। सगरमाथाले नगद १० हजार र ट्रफि पाएका छन्।

त्यस्तै वीरेन्द्र माविले छ स्वर्ण, दुई रजत र तीन कास्य गरी नौ पदक जित्दै तेस्रो र चन्द्रभानु ज्योति माविले तीन स्वर्ण, एक रजत र तीन कास्य गरी सात पदक जित्दै चौथो स्थान हासिल गरेको छ। तेस्रो र चौथो हुने विद्यालयलाई क्रमशः सात हजार र पाँच हजार नगदसहित ट्रफि प्रदान गरिएको शाखाका कर्मचारी योगेन्द्र पौडेलले जानकारी दिए। प्रतियोगितामा नगर क्षेत्रभित्रका सामुदायिक र निजी गरी २२ वटा विद्यालयको सहभागिता रहेको उनले बताए।

विजेताहरू विद्यालयलाई नगर प्रमुख गणेश पोखरेल, उपप्रमुख राधा कार्की, प्रमुख प्रशासकीय अधिकृत गोरखनाथ मिश्र लगायतले नगदसहितको ट्रफि र प्रमाणपत्र हस्तान्तरण गरेका थिए। प्रतियोगितामा नगर क्षेत्रभित्रका सामुदायिक र निजी गरी २२ वटा विद्यालयको सहभागिता रहेको नगर शिक्षा शाखाका योगेन्द्र पौडेलले जानकारी दिए।

फुटबल छात्रतर्फ हिमाली मावि प्रथम, सिद्धार्थ शिशु सदन द्वितीय र विभूति विद्या मन्दिर तृतीय भएको छ। फुटबल छात्रातर्फ वीरेन्द्र मावि प्रथम, ग्यालेक्सी द्वितीय र सिद्धार्थ तृतीय भएको छ। प्रतियोगितामा छात्रा र छात्रको छुट्टाछुट्टै भलिबल, कबडीसहित एथलेटिक्स खेलहरू भएको थियो।



# सेभेनसिज माविलाई राष्ट्रपति रनिङ शिल्डको उपाधि



**झिलझिले, माघ २८।** सेभेनसिज पब्लिक अंग्रेजी माध्यमिक विद्यालयले लगातार दोस्रो पटक राष्ट्रपति रनिङ शिल्ड जितेको छ।

शिवसताक्षी नगरपालिकामा सम्पन्न १६औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि स्थानीय वडा नम्बर ८ को सेभेनसिज पब्लिक अंग्रेजी माध्यमिक विद्यालयले हात पारेको शिवशताक्षी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाका प्रमुख शिक्षा अधिकारी छवि ढकालले जानकारी दिए। यससँगै विद्यालयले लगातार दोस्रो पटक राष्ट्रपति रनिङ शिल्ड जित्दै खेलकुद क्षमताको उत्कृष्टता पुनः प्रमाणित गरेको छ।

यसअघि सम्पन्न १५औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पनि सेभेनसिजले उपाधि जितेको थियो। नगरपालिकाभित्र रहेका सामुदायिक तथा संस्थागत गरी ३५ प्रतिस्पर्धी विद्यालयलाई पछि पार्दै सेभेनसिजले यस वर्षको प्रतियोगितामा उल्लेखनीय प्रदर्शन गरेर शिल्ड, मेडल र प्रमाणपत्र हात पारेको शिक्षा शाखाले जनाएको छ। प्रतियोगितामा सेभेनसिज विद्यालयले नौ वटा स्वर्ण, सात वटा रजत र नौ वटा कास्य पदक जित्दै समग्रमा प्रथम स्थान हासिल गरेको छ।

त्यसैगरी राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालयले नौ वटा स्वर्ण, छ वटा रजत र सात वटा कास्य पदक जितेर दोस्रो स्थान प्राप्त गरेको छ भने झिलझिले माध्यमिक विद्यालयले आठ वटा स्वर्ण, तीन वटा रजत र आठ वटा कास्य पदकसहित तेस्रो स्थानमा चित्त बुझाएको छ।

दूधेस्थित दूधे रङ्गशालामा आयोजित प्रतियोगितामा एथलेटिक्स, कराते, भलिबल, कबड्डी र तेक्वान्डो गरी पाँच विधाका खेल समावेश गरिएको थियो। सेभेनसिजले सबै विधामा उत्कृष्ट प्रदर्शन गर्दै प्रतिस्पर्धी विद्यालयलाई उछिन्दै दोस्रो पटक उपाधि सुरक्षित गरेको हो। माघ २४ गतेदेखि शुरु भएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको थियो। उपाधि जितेर विद्यालयमा सिल्ड भित्रिएपछि विद्यालयमा हर्षोल्लासको माहोल देखिएको थियो।

विद्यार्थीहरूले झिलझिले बजार क्षेत्रमा सिल्ड र ट्रफिसहित मार्चपास गर्दै विजय उत्सव मनाएका थिए। पदक विजेता विद्यार्थीलाई विद्यालयका प्रधानाध्यापक दीपक कडरिया, सञ्चालक समितिकी सदस्य ज्योति राई लगायतले खादा, अविर तथा नगद पुरस्कार प्रदान गरी सम्मान गरेका थिए।

विद्यालयको राष्ट्रिय सेवा दल एनसीसीका विद्यार्थीहरूले प्रधानाध्यापक कडरियालाई शिल्ड तथा ट्रफि हस्तान्तरण गरेका थिए। नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताले विद्यालयस्तरमा खेल प्रतिभा पहिचान र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको अभिभावकको भनाइ छ।

# श्रीगणेश नर्सरी दोस्रो वर्षमा

**बाहुनडाँगी, माघ २८।** श्रीगणेश नर्सरी मेचीनगर–२ को दोस्रो वार्षिक उत्सव सम्पन्न भएको छ।

मेचीनगर–२ सरस्वती टोलमा वार्षिक उत्सव तथा सांगीतिक साँझको रुपमा आयोजित कार्यक्रममा चर्चित गायक हिमाल सागरको विशेष प्रस्तुती रहेको थियो। हिमालले एक दर्जनभन्दा बढी उनका चर्चित गीतहरु गाएर दर्शकलाई मनोरञ्जन गराएका थिए। यसैगरी सोही अवसरमा अर्का कलाकार सन्तोष पन्तको समेत विशेष प्रस्तुती रहेको थियो।





त्यस्तै स्थानीय कलाकारहरुले पनि विभिन्न गीत गाएका थिए। नर्सरीका सञ्चालक भीम भट्टराई (दिनेश)को सभापतित्व तथा वडाध्यक्ष दिपक बरालको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा व्यवसायी आनन्द डालमिया, थेसीज अंग्रेजी स्कूलका प्रिन्सिपल डम्बर रुचाल, कृषि वृज्ञ जगननाथ आचार्य, शिवशक्ति ग्रुप अफ कम्पनीका म्यानेजर मनोज लम्साल, व्यवासायी बालकुमार बानियाँ, डम्बर कोइराला, राजु बस्नेत, कुमार आचार्य, कृष्ण आधारभूत विद्यालयका प्रधानाध्यापक राजन गिरी, भानु माविका अध्यक्ष सोम वन लगायतको उपस्थिति रहेको थियो।

# मुद्रण उद्योग संघले मनायो स्थापना दिवस




**बिर्तामोड, माघ २८।** विद्यार्थीहरुसँग खुशी साट्दै मुद्रण उद्योग संघ झापाले आफ्नो १४औं स्थापना दिवस मनाएको छ।

अर्जुनधारा–५ पानीकलस्थित समाजसेवी आधारभूत विद्यालयका ६० जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्दै संघले स्थापना दिवस मनाएको हो। 'स्थापना दिवस भनेको संघको जन्मोत्सव जस्तै हो, त्यसैले ससाना नानीबाबुहरुलाई थोरै भए पनि सहयोग गर्न पाउँदा खुशी छौं' -संघका अध्यक्ष रोहित भट्टराईले भने।

कार्यक्रममा नेपाल मुद्रण उद्योग महासंघका केन्द्रीय सदस्य गोविन्द निरौला, विद्यालयका प्रधानाध्यापक मेघराज भट्टराई लगायतले मन्तव्य राखेका थिए।

प्रमुख अतिथि विद्यालयका जग्गादाता डम्बर घिमिरेले सहयोगी मनहरुलाई धन्यवाद व्यक्त गर्दै विद्यालयको गुणस्तर सुधारका निम्ति विद्यालय व्यवस्थापन समिति र शिक्षकहरुले मेहनत गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य चन्द्रा तामाङ, तिलकुमारी तिम्सिना, लक्ष्मण कोइराला, स्वयंसेविका कुसुम अधिकारी लगायतको उपस्थिति रहेको थियो। कार्यक्रममा मुद्रण उद्योग संघका सहसचिव टंक निरौला, सदस्यहरु पुण्यप्रसाद खतिवडा, विष्णु सुब्बा, रमेश घिमिरे, झरेन्द्र खतिवडा लगायतको सक्रिय सहभागिता रहेको थियो।

कार्यक्रममा संघका सदस्य झरेन्द्र खतिवडाले पाँच हजार एक सय, विष्णु इङनाम सुब्बाद्वारा थप पाँच हजार र गोविन्द निरौलाद्वारा थप १० हजार रुपैयाँ गरी २० हजार एक सय रुपैयाँ मुद्रण उद्योग संघको अक्षयकोषमा रकम हस्तान्तरण समेत गरिएको थियो। संघका अध्यक्ष भट्टराईको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन संघका सचिव भानुभक्त खनालले गरेका थिए।

# लागूऔषधसहित पक्राउ

**झापा, माघ २८।** मेचीनगर नगरपालिका–६ मेचीपुलबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ एक ग्रामसहित इलाम माई नगरपालिका–१ दानाबारीका १७ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ।

लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको सिटी सफारीमा सवार उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।


## कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## विशेषज्ञ डाक्टरहरूको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर

उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ

यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।

अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३–५३२८४५)

## अब बिर्तामोडमा डा. पितामबर ठाकुर

MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

## बिमालेख हरायो

शिवसताक्षी–९ यलम्बर चोकबाट दमक जाने क्रममा यही मिति २०८२/१०/२६ गते मेरो निम्न व्यहोराको एलआईसी कम्पनीको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम:- अस्मिता उप्रेती (पोखेल)
ठेगाना:-शिवसताक्षी–९, यलम्बरचोक, झापा
पोलेसी नं.:- ६०००१०२७६
कम्पनी नाम: एल आई सी
सम्पर्क: ९८०८४३०६३१

## बिमालेख हरायो

शिवसताक्षी–१० दोमुखाबाट दमक जाने क्रममा यही मिति २०८२/१०/२६ गते मेरो निम्न व्यहोराको एलआईसी कम्पनीको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम:- सुस्मा जोगी
ठेगाना:-शिवसताक्षी–१०, दोमुखा झापा
पोलेसी नं.:- २०००२८६९९
कम्पनी नाम: एल आई सी
सम्पर्क: ९८२३३९२७०६

## वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

## हामीलाई सम्पर्क गर्नुहोस्

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
*नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३–५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

## आयुर्वेद उपचार

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क :
९८१८७९३९८६, ९८५२६८८९८६

## मार्बल शिलालेख

यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड–४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००, ९८१६०४९८००

## शुद्ध दूधको स्वस्थ उत्पादन कोसेली

"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३–५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

## उच्च गुणस्तर सुलभ मूल्य सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा– ४, झापा

## सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस्।

कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला। साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड–१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४५००३

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## DRISHTI Eye Care System

TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक

१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

निःशुल्क चेक–अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

## UPVC झ्याल ढोका

टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस्।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

## Ganapati Bakers

Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

## UAE मा रोजगारीको अवसर

UNited International Group
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला। झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३–५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३–५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)